सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
टीकापुर अस्पताल
टीकापुर कैलाली, नेपाल ।

०९१-५६०४८८
tikapurhospital@gmail.com
tikapurhospital.gov.np

## घर भाडामा लिने सम्बन्धी सूचना ।

प्रकाशित मितिः-२०८२/०४/०६

प्रस्तुत बिषयमा यस अस्पतालको चिकित्सक तथा कर्मचारीको लागि आवश्यक परेको घर भाडामा लिनु पर्ने भएकोले देहायको चार किल्ला एबं संरचना भएको घर भाडामा लगाउन ईच्छुक घरधनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र निम्न प्याकेजमा आफुले भाडामा दिन चाहेको घरको विवरण समेत सिलबन्दी निवेदन यस अस्पतालमा पेश गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

निम्नः

प्याकेज नं १/२०८२/०८३- स्वास्थ्यकर्मीहरुको लागि कम्तिमा ८ कोठा र दुई तला(फ्ल्याट) भएको घर
प्याकेज नं २/२०८२/०८३ - नर्सिंग स्टाफहरुको लागि कम्तिमा १० कोठा र दुई तला(फ्ल्याट) भएको घर
प्याकेज नं ३/२०८२/०८३ - अन्य स्टाफहरुको लागि कम्तिमा ९ कोठा र दुई तला(फ्ल्याट) भएको घर
प्याकेज नं ४/२०८२/०८३ - चिकित्सकहरुको लागि कम्तिमा ५ कोठा र दुई तला(फ्ल्याट) भएको घर

देहाय :

१. टीकापुर न.पा. वडा न. १ स्थित टीकापुर अस्पताल देखि दक्षिण ईलाका प्रशासन कार्यालय सम्म,पूर्वमा वीरेन्द्र उ.मा.वि. सम्म ,उत्तरमा सि.टि. बस पार्कसम्म ,पश्चिममा गुम्बा चोकसम्मको आसपासको क्षेत्र।
२. घर बाटोले छोएको, कम्पाउण्ड वाल निर्माण भएको ,स्टाफहरुको सवारी साधन पार्किंग स्थल भएको।
३. बाथरुम तथा प्रयाप्त ट्वाईट भएको,पानीको व्यवस्था भएको र नियमित बिजुली उपलब्धताको सुबिधा भएको।
४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम ४ बमोजिमको घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा घरभाडामा लिईनेछ ।
५. वहाल कर १०% को दरले कट्टी गरी सम्झौता बमोजिमको घर वहाल वापतको रकम भुक्तानी दिइनेछ।
६. प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८२।०४।१२ गते बिहिबार कार्यालय समय ५.०० बजे भित्र ।
७. निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्र , जगाधानी प्रमाण पुर्जा, आ.व. ०८१/०८२ को एकिकृत सम्पत्ति कर तिरेको रसिद तथा घर नक्सापास प्रमाणपत्रहरुको प्रतिलिपिको साथै कि.न. स्पष्ट देखिने नापी नक्सा पेश गर्नु पर्नेछ।
८. घरधनीले घरको विस्तृत विवरण समेत पेश गरेको घर भाडा दररेट अंक र अक्षर दुबैमा लेखेको लिखित प्रस्ताव।
९. प्रत्येक कोठा न्यूनतम १२० वर्ग फिट क्षेत्रफल भएको हुनु पर्नेछ।

पुनश्च :

म्याद नाघी आएका वा रित नपुगेका निवेदनहरु उपर कारवाही हुने छैन ।सूचनामा उल्लेख भएका बुँदा बाहेक अन्य कुरा सम्झौता पत्र र सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए बमोजिम हुनेछ । प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतको सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट

.............................................
डा. रम कुमार राई
प्रमुख कन्सल्टेन्ट अर्थोपेडिक सर्जन (अधिकृतस्तर एघारौं)